## पारपाचुके पाईसके पछि के म मेरो बच्चा सहित प्रान्त अथवा देश बाट बाहिर जान सक्छु ?

यो चाँही उत्तराधिकार र प्रवेशाधिकारको सम्भौता र न्यायालयको आदेशमा भर पर्दछ । यदि  उत्तराधिकार तपाई संग छ भने तपाईले सिर्फ अर्को माता वा पिता अथवा अभिभावक संग अनुमति चिट्ठी लिनु पर्दछ अथवा न्यायालय बाट लिनु पर्दछ । अनुमती भन्नाले उसले वा उनीले बच्चा लाई जान दिनु हो । यदि अर्को माता वा पिताले अथवा अभिभावकले जान अनुमती नदिने भएमा उसले वा उनिले न्यायालयमा दर्खास्त हाली बच्चा लाई लैजाने रोक लगाउन सक्दछ । तपाईले पनि न्यायालयमा दर्खास्त हाली न्यायाधिश संग बच्चा लैजान अनुरोध गर्न सक्नु हुन्छ । न्यायालयले निर्णय लिन्छ जुन बच्चाको लागि हितकर हुन्छ । न्यायालयले आदेश दिन सक्छ कि बच्चा त्यहि बस्नु पर्छ जहाँ उनिहरु छ, आदेश दिन सक्छ उत्तराधिकार अर्को माता वा पितामा सारेको, अथवा उत्तराधिकार त्यो वेलामा मात्र बदलिन सक्छ जुन वेला तपाईले बच्चा अर्को ठाँउमा लान रोज्नु भयो भने ।

## के मैले न्यायालय संग उत्तराधिकार र प्रवेशाधिकार सम्वन्धी आदेश लाई फेर्न अनुरोध गर्न सक्छु ?

सक्नु हुन्छ , बच्चाको मातापिता, अथवा त्यो व्यक्ति जस लाई प्रवेशाधिकार दिइएको छ, उसले न्यायालयको आदेश फेर्न, रोक्न अथवा बर्खास्त गर्न अनुरोध गर्न सक्दछ ।

आदेश फेर्नु भन्दा पहिला न्यायालय विस्वस्थ हुनु जरुरी छ की बच्चाको जरुरत पहिलो आदेश दिएको भन्दा भिन्न भएको र आदेश फेर्नु बच्चाको हितमा छ ।

## अरु जानकारीको लागि

शुरु गर्नुस एल आई यस् एन यस् को अनलाइन कानूनी जानकारी बाट, तपाईले धेरै कानूनी प्रश्नहरु को उत्तरहरु पाउनु हुनेछ : www.legalinfo.org

निशुल्क कानूनी जानकारीको लागि फोन गर्नुस, हाम्रो कानूनी जानकारी लाईनमा १-८०० -६६५-९७७९ अथवा ४५५-३१३५

के तपाई लाई वकिलको जरुरत छ ? एक वकिलको सिफारीस लागी हाम्रो वकिल सिफारीस सेवामा फोन गर्नुहोस १-८०० -६६५-९७७९ अथवा ४५५-३१३५ । तपाईले डलर २० जोड् एछ यस टी तिरी वकिल संग ३० मिनेट भेटने प्लान बनाउन सक्नु हुन्छ । यसले तपाईको प्रमुख  प्रश्नहरुको उत्तरहरु दिनेछ । यदि तपाई प्रहरी हिरासतमा वा अपराध संम्वन्धि न्यायालयमा हुनु हुन्छ भने तपाईले निशुल्क दोभासे सेवा पाउनु हुनेछ ।

यदि तपाईले खालि रेकर्ड गरेको कुनै कानूनी विषयमा जानकारी सुन्न चाहानु हुन्छ भने फोन गर्नुहोस डाइल-अ-ल मा ४२०-१८८८

नोभा स्कोसीयाको पारिवारिक कानून संम्वन्धि अरु प्रश्नहरुको जवाफहरु को लागी अनलाइन जानुस् : www.legalinfo.org/family-law

ह्यालीफेक्स रिजनल मुनसिपालटी र केप ब्रिटन को सर्वोच्च अदालतका फेमिली ल ईन्फरमेसन सेन्टरहरु छ, उनिहरुको वेव साईट हेर्नुस : http://gov.ns.ca/just/flic/

बच्चा सहयोग निर्देशिकाहरु : www.justice.gc.ca/eng/pi/fcy-fea/sup-pen/index.html

नोभा स्कोसीया मेन्टीनेन्स् इनफोर्समेनट प्रोग्राम् : http://www.gov.ns.ca/just/mep/

पारिवारिक कानून संम्वन्धि अरु जानकारीको लागि, कृपया नवआगन्तुकहरुले के जान्न जरुरी छ पारिवारीक कानून को विवाह, सम्वन्ध बिच्छेद र पारपाचुक पम्प्लेट हेर्नुहोस् ।

*यो पम्प्लेटले तपाईलाई साधारण कानूनी जानकारी दिन्छ, यसल कानूनी परामर्श दिदैन ।*

LEGAL Information SOCIETY OF NOVA SCOTIA

5523 B Young Street
Halifax, Nova Scotia
Canada B3K 1Z7

NOVA SCOTIA

नोभा स्कोसिया प्रोभिन्स को सहयोगमा

मार्च २०१२

नवआगन्तुकहरुले के जान्न जरुरी छ



# पारिवारीक कानून को बच्चाहरु र उत्तरदायित्व

यो पम्प्लेटले बच्चाहरु र उत्तरदायित्व सम्वन्धी पारिवारीक कानूनहरु को र अरु बढी जानकारी कहाँ पाईन्छ भन्ने जानकारी दिन्छ ।

LEGAL Information SOCIETY OF NOVA SCOTIA

पारिवारीक कानूनले परिवार भित्रको समस्याहरु र सम्वन्धहरु लाई सम्वोधन गर्दछ। पारिवारीक कानूनले विवाह, सम्वन्ध बिच्छेद र पारपाचुके, कानूनी जीवन साथी सम्वन्ध, र सन्तान पालन पोषण , दायित्व र प्रवेशाधिकार जस्तो बुंदाहरु लाई समावेस गर्दछ। यो पम्प्लेटले बच्चाहरु र उत्तरदायित्व सम्वन्धमा केहि जानकारी दिन्छ र तपाई लाई यस सम्वन्धमा वढी जानकारी कहाँ पाउनु हुन्छ उल्लेख गर्दछ।

### कसको उत्तरदायित्व हुन्छ बच्चाहरुको ?

उत्तरदायित्व भन्नाले बच्चाहरुको सुसार र अधिकार बुझिन्छ। जव सम्म न्यायालयले कुनै एक माता वा पितालाई उत्तरदायित्व सुम्पिन्न, अथवा संम्वन्ध विच्छेदको वेला मातापिताले माता वा पितामा उत्तरदायित्व जाने मञ्जुरी दिदैन, क्यानाडामा दुवै मातापिताको बच्चाहरु माथी बराबरीको उत्तरदायित्व हुन्छ। यदि मातापिताले बच्चा लाई चाहिने सुसार दिन नसकेको खण्डमा न्यायालयले अर्को ब्यक्ति लाई बच्चाको जिम्मा दिन सक्दछा त्यस ब्यक्ति लाई अभिभावक भनिन्छ। एक माता वा पिता अथवा अभिभावक जसमा बच्चाको उत्तरदायित्व छ उसले नै बच्चाको बिषयमा उस लाई कसरी पालन पोषण गर्ने भनी निर्णय लिन्छ।

### म कसरी मेरो वयस्क असमर्थ बच्चाको अभिभावक हुन सक्छु ?

यदि तपाईले सोच्नु भएको छ तपाई वयस्क बच्चाको अभिभावक नियुक्त हुनु पर्ने थियो भने तपाईले कानूनी सल्लाह लिनु पर्दछ। एक न्यायाधिशले मात्र एक वयस्कको लागि अभिभावक नियुक्त गर्न सक्दछ।

अभिभावक्तोले तपाई लाई तपाईको बच्चाको मौलिक र आर्थिक कानूनी अधिकारहरुको उत्तरदायि बनाउँछ यदि उ अथवा उनी मानसिक तवरले उसको अथवा उनीको हकहरु को रक्षा गर्न नसक्ने भएमा। यसले तपाई लाई तपाईको बच्चाको सर्दभमा दिगो निर्णयहरु गर्न र जानकारी प्राप्तीको कानुनी अधिकार दिन्छ, जस्तै बच्चाको स्वास्थ जानकारी उसको अथवा उनीको अनुमति बिना नै लिन सकिन्छ।

### के मैले मेरो बच्चाहरु लाई घरमा एक्लै राख्न सक्छु म बाहिर जाँदा ?

यस संम्वन्धमा दुई किसिमको कानूनहरु लागु हुन्छ। क्यानाडाको अपराध संम्वन्धि ऐन अनुसार १० वर्ष मुनिका बच्चा लाई छोड्नु वा खतरामा राख्नु कानूनको उल्लङ्घन गरेको ठानिन्छ। तँपाईले १० वर्ष मुनिको बच्चा लाई घरमा एक्लै छोड्नु मिल्दैन किनकी त्यसको लागि तपाई लाई कानूनी कार्वाही गर्न सकिन्छ।

अर्को कानून चाँहि नोभा स्कोसीयाको बालबालीका र पारीवारीक सेवाहरु संम्वन्धि कानून हो। यो नोभा स्कोसीयाको बालबालिकाहरु लाई चोट लाग्नु बाट रक्षा गर्ने कानून हो। यो कानूनले कति वर्ष सम्मको बच्चा लाई एक्लै छोड्न मिल्छ खुलाउदैन। यदि तपाईको बच्चा १० अथवा बढि उमेरको छ भने तपाईले विवेक प्रयोग गर्नु पर्दछ के तिनिहरु लाई एक्लै छोड्न मिल्छ। सबै बच्चा आफ्नै किसिमका हुन्छन्, तर बच्चा एक्लै छोड्नु भन्दा पहिला यि कुराहरु मा ध्यान पुऱ्याउनु पर्दछ :

- के बच्चा ठुलो भई सक्यो एक्लै छाड्न को लागि ?
- के तिनीहरु सुरक्षित हुन्छन् ?
- के तिनीहरु लाई थाहा छ के गर्न पर्छ भनी कुनै सहयोग चाहिएमा ?
- कतिको लागि तिनीहरु लाई एक्लै छाड्ने ?

उनिहरुले यदि बच्चा लाई खतरा र वेवास्था भएको विश्वास गरेमा, प्रान्तले बच्चा लाई घर बाट अन्तै लैजान सक्दछ।

### के मैले मेरो बच्चा लाई थप्पड हान्न सक्छु ?

क्यानाडाको अपराध संम्वन्धि ऐनमा उल्लेख भए अनुसार एक माता वा पिता, अथवा मातापिता जस्तै अभिभावक ले चाँही कुनै अवस्थामा आफ्नो रेखदेखमा भएको बच्चा लाई सुधार्न को लागि केहि बल प्रयोग गर्न पाउँछ। बल चाँही छोटो र बच्चा लाई घातक नहुने हुनु पर्दछ। दुई वर्ष मुनिका बच्चा लाई बल प्रयोग जायज् मानिदैन किनकी बच्चा कलिलै हुन्छ, र किन उस लाई थप्पड हान्यो भनेर बुझ्दैन। कुनै वस्तुको प्रयोग भएमा बल जायज् ठानिदैन, जस्तै छालाको पेटी अथवा लठ्ठीले हान्नु, बच्चाको टाउकोमा हान्नु, अथवा घाईते बनाउनु। वयस्क लाई पनि पिट्नु चाँही जायज हुदैन। बच्चा लाई झापड हान्दा धेरै बल प्रयोग गरेकोमा माता पिता लाई कानुनी कारवाही भएको पनि छ।

### के मेरो बच्चा लाई दिवा-स्याहारको कामदार वा शिक्षकले झापड हान्न पाँउछ ?

पाँउदैन, नोभा स्कोसीयाको दिवा-स्याहार ऐनले दिवा-स्याहारको कुनै ब्यक्तिले बच्चा लाई झापड अथवा पिट्ने अनुमती दिदैन। नोभा स्कोसीया डिपार्डमेन्ट अफ एजुकेशनले कुनै शिक्षक लाई विद्यार्थी पिट्ने अनुमती दिदैन।

### म पारपाचुके लिदैछु। मेरो बच्चाको उत्तरदायित्व मैले कसरी पाँउन सक्छु ?

उत्तरदायित्व दुई किसिमका हुन्छन :

- संयूक्त उत्तरदायित्व : जसमा दुवै मातापिताले बच्चा लाई स्याहार गर्ने अधिकार बाँड्छन्।
- पूर्ण उत्तरदायित्व : जसमा एक मात्र माता वा पिताले बच्चाको स्याहार र अधिकारको जिम्मा पाउँछ र प्राय जस्तो अर्को माता वा पिताले चाँहि प्रवेशाधिकार पाँउछ।

प्रवेशाधिकार भन्नाले संम्वन्ध विच्छेद अथवा पारपाचुके पछि बच्चाहरु लाई अर्को माता वा पिता संघ संम्पर्क र भेट्ने अधिकार दिनु हो।
कसले उत्तरदायित्व लिने, वा दुवैले उत्तरदायित्व बाँड्ने भन्ने विषयमा तपाईले आफ्नो दम्पती संग सहमती गर्न सक्नु हुन्छ। उत्तरदायित्व बाँडे पनि बच्चा प्राय एउटै माता वा पिता संग बस्दछ। तपाईले आफ्नो दम्पती संग उत्तरदायित्व संझौता सहि गर्नु अघि तपाई र तपाईको बच्चाको लागि कस्तो उत्तरदायित्व उपयूक्त हुन्छ भनी आफ्नो वकिल संग कुरा गर्नु पर्दछ। यदि तपाई र तपाईको दम्पती विच सहमती नभएमा तपाई न्यायालय जान सक्नु हुन्छ, र न्यायाधिसले उत्तरदायित्वको विषयमा निर्णय दिन्छ। न्यायाधिशले बच्चाको हितमा निर्णय गर्ने गर्दछ।

### यदि म संग उत्तरदायित्व छैन, म कसरी मेरो बच्चालाई भेट्न सक्छु ?

क्यानाडामा हामी विश्वास गर्दछौ, दुवै मातापिता संग संम्पर्कमा रहे बच्चाहरुले फाईदा उठाँउछ। यदि मातापिता विच संम्वन्ध विच्छेद वा पारपाचुके भएमा, प्राय माता वा पिता जो बच्चा संग बस्दैन उसलाई बच्चा लाई भेट्ने प्रवेशाधिकार दिईन्छ। तपाईले आफ्नो दम्पती संग बच्चा भेट्ने प्रवेशाधिकारको संम्वन्धमा मञ्जुरी लिए हुन्छ।

यदि तपाई लाई भेट्ने प्रवेशाधिकार संम्वन्धी चित्त नबुझेमा न्यायाधिश बाट प्रवेशाधिकार संम्वन्धी निर्णय लिनको लागि न्यायालयमा निवेदन दिन सक्नु हुन्छ। न्यायाधिशले प्रवेशाधिकार फैसला, उहाँले अथवा उनीले देखे अनुसार बच्चाको हित हुने गरि दिनु हुन्छ। अरु परिवार सदस्यहरु, जस्तै बाजेबजै ले पनि प्रवेशाधिकारको निवेदन हाल्न न्यायालयमा सोध्न सक्नु हुन्छ।

### के मेरो दम्पतीले बच्चा लाई सहयोग गर्छ, यदि हामीले संम्वन्ध विच्छेद वा पारपाचुके लियौं भने ?

गर्नु पर्छ, क्यानाडामा दुबै माता पिताको जिम्मेवारी हुन्छ बच्चाहरु लाई सहयोग पुऱ्याउनमा। जव मातापिता बिच संम्वन्ध विच्छेद वा पारपाचुके हुन्छ, प्राय माता वा पिता जसले बच्चाको उत्तरदायित्व लिदैन उसले उत्तरदायित्व लिने माता वा पिता लाई सहयोगको लागि तिर्दछ। नोभा स्कोसीयामा बच्चा १९ वर्ष नपुगे सम्म सहयोगको लागि तिर्ने जिम्मेवारी हुन्छ। यो सहयोगको जिम्मेवारी बच्चा १९ वर्ष नाघे पनि जारी रहन्छ, यदि उ वा उनी विश्वविद्यालय अथवा कलेज जाँदैछ र सहयोगको जरुरत छ भने, अथवा उ वा उनीले आफु लाई सहयोग गर्न सक्दैन भने, उदाहरणको लागि, किनकी अपाङ्गताको कारणले। केन्द्रिय र प्रान्तीय सरकारको बच्चा सहयोग निर्देशिका उपलब्ध छ जसले मातापिता लाई कति तिर्ने भनी हिसाब गर्न सहयोग गर्दछ। यस पम्प्लेटको अन्तमा नोभा स्कोसीया मेन्टीनेन्स् इनफोर्सम्रेमेनट प्रोग्राम् को लिंक छ।

### यदि म विवाहित छु र मेरो बच्चा संग एक्लै भ्रमण गर्ने योजना छ, के मलाई मेरो दम्पती को अनुमती पत्र चाहिन्छ ?

चाहिन्छ, तपाईले प्रत्येक ब्यक्ति जसले बच्चाको कानुनी हकदार भई निर्णय लिन सक्दछ, र जो बच्चा संग भ्रमणमा जाँदैन तिनीहरु संग लिखित अनुमती पत्र लिनु पर्दछ।

### म अर्को देशमा भ्रमण गर्न चाहन्छु र मेरो दम्पती संग संम्वन्ध बिच्छेद भएको छ। के मैले मेरो बच्चा लाई लिएर जान सक्छु ?

यदि तपाई संग पूर्ण उत्तराधिकार छैन भने तपाईले उत्तराधिकार भएको ब्यक्ति अथवा माता वा पिता संग बच्चा लाई देश वाट बाहिर लैजान अनुमति लिनु पर्ने हुन्छ। तपाईले प्रत्येक ब्यक्ति जसले बच्चाको कानुनी हकदार भई निर्णय लिन सक्दछ, र जो बच्चा संग भ्रमणमा जाँदैन तिनीहरु संग लिखित अनुमती पत्र लिनु पर्दछ।